REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs.   Date: 07.12.2025

## Joint Secretary Chair Meeting: Desk

स्वच्छ भारत मिसन चरण-२ अन्तर्गत राज्यको प्रगतिको समीक्षा गर्न मिसनका मिसन निर्देशक सुश्री ऐश्वर्य सिंहले सिक्किमको भ्रमण गर्नुभयो। राज्य टोलीले उहाँलाई विभिन्न ब्लकका विभिन्न स्थलमा भ्रमण गरायो। डिसेम्बर ४ मा, उहाँले नाम्ची ब्लक अन्तर्गत दामथाङ ग्राम पञ्चायतको भ्रमण गर्नुभयो। डिसेम्बर ५ मा, उहाँले सबै जिल्लाका खण्ड विकास अधिकारी, अतिरिक्त जिल्लापाल, र जिल्लापालहरूसँगको राज्यस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। सोही दिन, उहाँले मुख्य सचिव रवीन्द्र तेलङलाई भेटी उहाँसँग योजना अन्तर्गत राज्यको प्रगतिबारे विस्तृत छलफल गर्नुभयो। ६ डिसेम्बरमा सुश्री सिंहले पाकिम जिल्लाको चलमथाङ पाचेखानी जीपीयूको भ्रमण गर्नुभयो। त्यही दिन उहाँले ग्रामीण विकास विभागका मन्त्री अरुण कुमार उप्रेती र ग्रामीण विकास विभागका सल्लाहकार कला राई अनि ग्रामीण विकास विभागका सचिवसँग भेट गर्नुभयो।

## Nilim Award: Dilliram Dulal

सिक्किमका चर्चित नेपाली कवि तथा अनुवादक सुधा एम. राईलाई काव्यध्वनि, आसामले यस वर्षको प्रतिष्ठित नीलिम कुमार राष्ट्रिय पुरस्कार २०२५ द्वारा सम्मानित गरेको छ। गत शुक्रवार तिनसुकिया महाविद्यालयमा सम्पन्न समारोहमा साहित्यकार  राईलाई उहाँको योगदानको कदर गर्दै सम्मान जनाइयो। कार्यक्रममा प्रख्यात साहित्यकार तथा सार्वजनिक व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। आसामका विभिन्न स्थानबाट आएका लेखक तथा कलाकारहरूले कार्यक्रमलाई समृद्ध बनाए। समारोहमा कविता गोष्ठीसँगै स्व. जुबिन गर्गलाई समर्पित संगीतात्मक श्रद्धाञ्जली तथा दृश्य-कला प्रदर्शन पनि गरियो।

सिक्किमबाट उदाएका उत्कृष्ट साहित्यिक हस्तीका रूपमा साहित्यकार सुधा एम. राईको सम्मानलाई व्यापक सराहना गरिएको छ।

SLDB: IPR

सिक्किम पशुधन विकास बोर्डले पशुपालन तथा पशु चिकित्सा सेवा विभागसँगको सहकार्यमा आज नाथाङ-माचोङ निर्वाचन क्षेत्र अन्तर्गत कुपुपमा चौँरी स्वास्थ्य शिविर र चौँरी दाना वितरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्‍यो। सिक्किमको अधिक उचाइ क्षेत्रहरूमा चौँरी गोठालाहरूलाई सहयोग गर्न र आदिवासी पशुधन संरक्षणलाई सुदृढ पार्न राष्ट्रिय गोकुल मिसन अन्तर्गत यो पहल आयोजना गरिएको थियो। कार्यक्रममा कृषि, बागवानी तथा मत्स्यपालन मन्त्री पुरन गुरुङको उपस्थिति रहेको थियो। कार्यक्रममा सबै चौँरी गोठालाहरूलाई विशेष चौँरी दाना, खनिज मिश्रण र आवश्यक औषधिहरू प्रदान गरियो।

Pakyong-PMGSY: IPR/Ajay Thami

प्रधानमन्त्री ग्राम सडक योजनाको २५ वर्षको उपलक्ष्यमा, ग्रामीण विकास विभागले आज खुला म्याराथनको आयोजना गर्‍यो, जसलाई जिल्ला उपाध्याक्ष सुश्री प्रभा प्रधानले झण्डा देखाएर प्रस्थान गराउनुभयो। प्रधानमन्त्री ग्राम सडक योजना भारतको प्रमुख राष्ट्रिय कार्यक्रम हो जुन सबै क्षेत्रमा सम्पर्कविहीन ग्रामीण बस्तीहरूमा सबै मौसममा सडक सम्पर्क प्रदान गर्न सुरु गरिएको थियो। भेलालाई सम्बोधन गर्दै, सुश्री प्रधानले ग्रामीण सम्पर्क रूपान्तरण गर्न र क्षेत्रका मानिसहरूको जीवनस्तर सुधार्न यस योजनाको भूमिकामाथि प्रकाश पार्नुभयो। ग्रामीण विकास विभागका अधीक्षण अभियान्ताले यस योजनाबारे सङ्क्षिप्त प्राविधिक जानकारी, उद्देश्य, कार्यान्वयन ढाँचा र ग्रामीण सडक सम्पर्क अभिवृद्धिमा हासिल गरिएका प्रगतिको रूपरेखा प्रस्तुत गर्नुभयो। म्याराथनले ६.६ किलोमिटरको दूरी तय गर्‍यो। म्याराथनअघि, हालै सम्पन्न सडक परियोजनाको उद्घाटन समारोह पनि आयोजना गरियो।

Paragliding-Renock: IPR

रिनाक पर्यटन विकास समितिले पर्यटन विभागसँगको सहकार्यमा आज रोराथाङ मेला ग्राउन्डमा प्याराग्लाइडिङ उडान परीक्षण सम्पन्न गऱ्यो। यसको उद्देश्य यस निर्वाचन क्षेत्रमा साहसिक पर्यटन गतिविधिहरूको सञ्चालन र प्राविधिक सम्भाव्यता जाँच गर्नु रहेको थियो। यो पाकिम जिल्ला अन्तर्गत रिनाकभित्र गरिएको पहिलो परीक्षण हो, जुन पर्यटनमा आधारित पहलहरू विस्तार गर्ने निरन्तर प्रयासहरूको एक हिस्सा हो। यो गतिविधि मुख्यमन्त्री एवं क्षेत्र विधायक प्रेमसिंह तामाङको निर्देशन अनुरूप आयोजित गरिएको हो। दुई विदेशी पाइलटसहित पन्ध्र पाइलटहरूले थुम्की डाँडा र अम्बा डाँडाबाट एकैसाथ उडान भरेका थिए।

Paragliding-Jorthang: IPR

त्यसैगरी, प्याराग्लाइडिङ टोलीले हिजो जोरथाङमा सफल परीक्षणको उडान पूरा गरी जनतालाई माघे सक्रान्ति मेला २०२६ मा साहसिक कार्यको अनुभव लिन आमन्त्रित गरेको छ। अनुभवी प्याराग्लाइडिङ टोलीले सफल परीक्षण उडान भरी तोकिएको स्थानमा सहज उडान र सुरक्षित अवतरण प्रदर्शन गऱ्यो। यो गतिविधि आगामी माघे सक्रान्ति मेला २०२६ मा साहसिक खेलहरू सुरु गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो।